मालपोत

# पाँचथर जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

## (बिगो नं. ३०, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/जाहेरवाला जिल्ला पाँचथर कुम्मायक गाउँपालिका वडा नं. ४ बस्ने विष्णुमाया लिम्बू प्रतिबादी जिल्ला ऐ.ऐ. बस्ने गितामाया सम्बाहाम्फे भएको मु.नं. ०७५-CP-०२६६ को लेनदेन मुद्दामा यस अदालतबाट २०७७/१२/०५ मा तथा उच्च अदालत विराटनगर इलाम इजलास इलामबाट मिति २०७९/११/१४ को फैसला बमोजिम वादीले प्रतिवादीबाट साँवा रु.६,२९,५००।– र त्यसको कानून बमोजिमको ब्याँज रु.४,९३,२८५।- तथा फिरादसाथ दायर गरेको अदालती शुल्क रु.१३,४४२।५० र पछि दाखिला गर्ने नपुग अदालती शुल्क रु.७३९९।५० समेत गरी जम्मा रु.११,४३,६२७।- भराई पाऊँ भनी वादीको मिति २०८०/०५/२९ मा दरखास्त परी कारबाहीक्रममा प्रतिवादीको नाममा १५ दिने जनाउ म्याद जारी गरिएकोमा सो म्याद मिति २०८०/०७/१३ मा तामेल भई निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा बादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०८१/०१/२७ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले मिति २०८१।०३।०३ गतेमा लिलाम हुने गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना तपसिलको जग्गामा-१, कुम्मायक गा.पा. ४ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०८१/०३/०३ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ, उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकिर्ती मूल्य (प्रति रोपनी) |
|---|---|---|---|---|---|---|---|
| १ | गीतामाया सम्वाहाम्फे | पाँचथर | रानीगाउँ | ६ग | ८ | ०-५-२-३ | रु.५०,०००।– |
| २ | गीतामाया सम्वाहाम्फे | पाँचथर | रानीगाउँ | ६ग | ९ | ०-१२-२-२ | रु.५०,०००।– |
| ३ | गीतामाया सम्वाहाम्फे | पाँचथर | रानीगाउँ | ६ग | १४ | ५-४-३-० | रु.५०,०००।– |
| ४ | गीतामाया सम्वाहाम्फे | पाँचथर | रानीगाउँ | ६ग | २७ | २-१०-२-२ | रु.५०,०००।– |

ईति सम्वत २०८१ साल जेठ ८ गते रोज ३ शुभम्---------------------------------------------